# नमोबुद्ध नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

## भकुण्डेवेशी, काभ्रेपलाञ्चोक

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०।९।६)**

१. यस नमोबुद्ध नगरपालिकामा संघीय सरकारको सशर्त कार्यक्रमको लागि नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा रीतपूर्वक तोकिएको फाराम भरी दरखास्त पेश गर्नुहुन निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

**२. माग गरिएको पदः**

| **क्र.सं.** | **विज्ञापन नं.** | **पद** | **तह** | **माग पद संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | ०४/२०८०/०८१ | भेटेरिनरी डक्टर | सातौं | १ (एक) | |
| २ | ०५/२०८०/०८१ | कृषि अधिकृत | छैटौं | १ (एक) | |

३. न्यूनतम योग्यताः

क. **पशु चिकित्सकको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी.एस्सी. एण्ड ए.एच.वा बि.भी.एस्सी. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता

ख. **कृषि अधिकृतको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई स्नातक उत्तीर्ण गरेको

ग. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको।

घ. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठरिएको।

४. दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा साविकका स्थानीय

निकाय वा हालका स्थानीय तहहरुमा छैटौ तह सरहको पदमा काम गरेको भए सो कामको अनुभव पत्र,

५. दरखास्त दस्तुरः १०००।— (अक्षरेपी रु एक हजार मात्र) नगरपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

६. परीक्षाको किसिमः नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।

७. काम गर्नु पर्ने स्थानः नमोबुद्ध नगरपालिकाको कार्यपालिकाको कार्यालय।

८. तलब भत्ता तथा सेवा सुविधाः नियमानुसार।

९. अन्य सेवा सुविधा तथा कार्यविवरणः नियमानुसार

१०. परीक्षाको मिति, समय र स्थानः पछि तोकिनेछ।

११. दरखास्त पेश गर्ने स्थानः नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भकुण्डेवेशी, काभ्रे।

द्रष्टव्यः सम्पर्क नं ९८६७८०८६१३, ९८४१०३३४८७